# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

क्रिसमस २०८२ को उल्लासमय अवसरमा बागमती प्रदेश तथा देश बिदेशमा रहनुहुने कृश्चियन धर्मालम्वी लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुस्वास्थ्य, दीर्घायु र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रेम, त्याग, सहनशीलता र मानवताका मूल्यहरूका प्रतीक येशू ख्रीष्टको जन्मोत्सवका रूपमा मनाइने क्रिसमस पर्वले मानव जीवनलाई नैतिकता, सद्भाव र सहअस्तित्वको मार्गतर्फ उन्मुख गराउने सन्देश प्रबाह गर्दछ । यस पर्वले धर्म, जाति, भूगोल र संस्कृतिभन्दा माथि उठेर मानव मात्रलाई एकताबद्ध बनाउने पवित्र सन्देश बोकेको छ ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त देश हो । हाम्रा चाडपर्वहरूले आपसी सहिष्णुता र सद्भावलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । धर्मनिरपेंक्षतालाई आत्मसात् गरेर रास्ट्रिय एकतालाई थप सुदृढ बनाएका छन् । यस अवसरले समाजमा विद्यमान असमानता, द्वन्द्व र निराशालाई हटाउँदै प्रेम, आशा र सकारात्मक सोंचको उज्यालो फैलाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

क्रिसमस २०८२ ले देशमा सम्वाद र सहकार्यको माध्यममार्फत शान्ति, स्थायित्व र दिगो विकासमा योगदान पुऱ्याउने बिश्वास लिएको छु । साथै, यस पर्वबाट प्राप्त प्रेरणाले हामी सबैलाई कर्तव्यनिष्ठ, जिम्मेवार र उत्साहित बनाइ समृद्ध देश निर्माणतर्फ अग्रसर गराउने अपेक्षा राखेको छु ।

अन्त्यमा पुनः सबैमा क्रिसमस पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल पुस १० गते, बिहीवार**
**ने.सं. ११४६ प्वहेलाथ्व: पञ्चमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**